# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

**BHARATPUR METROPOLITAN CITY**
**Office of Municipal Executive**
Bharatpur, Chitwan, Bagmati Province, Nepal

कृषि विकास कार्यालयहरुमा सहभागी हुन प्रश्ताव आव्हानको सूचना

सूचना नं.०१-२०८१/०८२ (कृषि विकास)

प्रथम पटक प्रकाशित मिति-२०८१/०५/२५

भरतपुर महानगरपालिका कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन शाखाको आ.व २०८१/०८२ को बार्षिक नगर विकास योजनाको स्वीकृत कार्यक्रम अनुसार तपशिल बमोजिमको कार्यक्रमहरु संचालन गर्न लागिएको हुँदा भरतपुर महानगरपालिका भित्रका कार्यविधिमा तोकिएको मापदण्ड पुरा गरेका ईच्छुक आवेदक (कृषक समुह,कृषि सहकारी, कृषि फर्म, कृषि कम्पनी) हरुलाई देहाय बमोजिमका कागजातहरु संलग्न गरी सूचना प्रकाशन भएको मितिले ३० दिन भत्र (मिति २०८१/०६/२३ सम्म) माग निवेदन दर्ता गर्नहुन यो सूचना प्रकाशन गरीएको छ।तोकिएको मापदण्ड पुरा नभएका र म्याद भित्र पेश नभएका प्रस्तावहरु लाई मूल्यांकन प्रकृयामा समावेश गरिने छैन। कार्यविधि भरतपुर महानगरपालिकाको वेवसाइड www.bharatpurmun.gov.np बाट डाउनलोड गर्न सकिने छ ।

| क.स | कार्यक्रमको नाम | परिमाण | विनियोजित बजेट/ अनुदान | आवेदक | कार्यक्रम संचालन प्रकृया |
|---|---|---|---|---|---|
| १ | मझौला/साना सिंचाई निर्माण तथा मर्मत कार्यका लागि अनुदान | माग अनुसार | ८० लाख/अधिकतम ८५ प्रतिशत अनुदान | कृषक समुह/कृषि सहकारी/कृषि फर्म/कृषि कम्पनी | कृषि विकास कार्यक्रम कार्यान्वियन कार्यविधि २०७७ बमोजिम |
| २ | कृषि कार्यमा प्रयोग हुने औजार उपकरण तथा अट्याचमेन्ट तथा कृषि बस्तु ढुवानि साधनहरुमा अनुदान उपलब्ध गराउने | माग अनुसार | २५ लाख /अधिकतम ५० प्रतिशत | कृषक समुह/कृषि सहकारी/कृषि फर्म/कृषि कम्पनी | कृषि यान्त्रिकरण कार्यक्रम कार्यान्वियन कार्यविधि २०७६ (पहिलो संसोधन २०७८) बमोजिम |
| ३ | मेयर संग युवा लक्षित कार्यक्रम | ३६ जना | १८ लाख /अधिकतम ५० प्रतिशत | ५० बर्ष उमेर नकाटेका व्यवसायिक फर्म दर्ता भएको | कृषि विकास कार्यक्रम कार्यान्वियन कार्यविधि २०७७ बमोजिम |
| ४ | आई.पि.एम कृषक पाठशाला संचालन | माग अनुसार | १० लाख /नि शुल्क | आई.पि.एम सहजकर्ता | कार्यक्रम कार्यान्वियन कार्यविधि २०७७ बमोजिम |
| ५ | च्याउ खेति प्रवर्द्धन कार्यक्रम | माग अनुसार | ४ लाख/ अधिकतम ५० प्रतिशत | कृषक समुह/कृषि सहकारी/कृषि फर्म/कृषि कम्पनी | कार्यक्रम कार्यान्वियन कार्यविधि २०७७ बमोजिम |
| ६ | मागमा आधारित पुष्प खेति गर्ने कृषक लाई अनुदान कार्यक्रम | माग अनुसार | ५ लाख /अधिकतम ५० प्रतिशत | कृषक समुह/कृषि सहकारी/कृषि फर्म/कृषि कम्पनी | कार्यक्रम कार्यान्वियन कार्यविधि २०७७ बमोजिम |
| ७ | मौरी प्रवर्द्धनका लागि मौरी घार लगायतका सामाग्रीमा अनुदान | माग अनुसार | ५ लाख /अधिकतम ५० प्रतिशत | कृषक समुह/कृषि सहकारी/कृषि फर्म/कृषि कम्पनी | कार्यक्रम कार्यान्वियन कार्यविधि २०७७ बमोजिम |
| ८ | कौसी तथा करेसा बारी खेती प्रवर्द्धन कार्यक्रम | माग अनुसार | ५ लाख/ अधिकतम ५० प्रतिशत | कृषक समुह/कृषि सहकारी/कृषि फर्म/कृषि कम्पनी | कार्यक्रम कार्यान्वियन कार्यविधि २०७७ बमोजिम |
| ९ | प्राङ्गारिक खेती गर्ने कृषकहरु लाई प्राङ्गारिक मलमा अनुदान सहयोग | माग अनुसार | ५ लाख / अधिकतम ५० प्रतिशत | प्राङ्गारिक खेति गर्ने कृषक समुह तथा ओ.सि.एन बाट प्रमाणपत्र प्रास कृषक समुह | कार्यक्रम कार्यान्वियन कार्यविधि २०७७ बमोजिम |
| १० | माटो परिक्षण तथा माटो सुधार कार्यक्रम | माग अनुसार | १० लाख/परिक्षण नि शुल्क र चुनामा ७५ प्रतिशत अनुदान | कृषक समुह/कृषि सहकारी/कृषि फर्म/कृषि कम्पनी | कार्यक्रम कार्यान्वियन कार्यविधि २०७७ बमोजिम |

तेजेन्द्र प्रसाद पौडेल
महाशाखा प्रमुख

**महाशाखा प्रमुख**

# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल
## BHARATPUR METROPOLITAN CITY
### Office of Municipal Executive
Bharatpur, Chitwan, Bagmati Province, Nepal


भरतपुर महानगरपालिका कृषि तथा पशुपंक्षी विकास महाशाखा कृषि शाखा भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

आवश्यक कागजात तथा सर्तहरु

१.समुह/सहकारीको निर्णय सहित माग निवेदन ।

२.सम्बन्धित संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि,स्थायी लेखा नम्वरको प्रतिलिपि र कर चुक्ताको प्रतिलिपी ।

३. कृषक समुह/कृषि सहकारी/कृषि कम्पनीको हकमा प्रस्ताव पेश गर्ने तथा अख्तियार प्रदान गरिएको बारे निर्णयको प्रतिलिपी ।

४.प्रस्ताव पेश गर्ने संस्थाको अख्तियार प्राप्त/जिम्म्वार व्यक्तिको नागरिकताको प्रतिलिपि तथा अख्तायारी पत्र ।

५.सम्बन्धित वडा कार्यालय/कृषि सेवा केन्द्रको कार्यक्रममा सहभागिताको लागि सिफारिस पत्र ।

६.कार्यक्रम संचालन गर्ने जमिनको लालपुर्जाको प्रतिलिपि/लिजमा लिएको जमिन भए कम्तिमा ५ बर्ष वा सम्बन्धित कार्यक्रमको कार्यविधि अनुसारका कागजातहरु ।

७.सिंचाईको हकमा जग्गाको नापि नक्सा ।

८.कार्यक्रम अनुसार कार्यविधिले तोकेका अन्य कागजातहरु ।

९. कृषक समुह/कृषि सहकारी/कृषि कम्पनीको हकमा अनिवार्य नविकरण गरेको हुनुपर्ने छ ।

१०. कृषक समुह/कृषि सहकारी/कृषि कम्पनीले आवेदन दिनको लागी एक वर्ष पहिले दर्ता गरेको हुनुपर्ने छ ।

११. २०८०/०८१ मा यस कृषि शाखा बाट अनुदान पाएको कृषक समुह/कृषि सहकारी/कृषि कम्पनीको सदस्यले यस आ.व.२०८१/०८२ मा आवेदन दिन नपाउने ।

नोट-कार्यक्रम सम्वन्धी थप जानकारीको लागि भरतपुर महानगरपालिकाको कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन शाखा को फोन नं.-०५६-४९३४३७ वा फोन न. ९८४५३५५९७६ वा ९८६०५७३२९१ मा सम्पर्क गर्न सकिने छ।
कार्यविधि संसोधन भएमा संसोधित कार्यविधि बमोजिम नै कार्यक्रम संचालन हुने छ।प्रस्ताव दर्ता गर्दा निवेदक स्वयम उपस्थित हुनु पर्ने छ ।

महाशाखा प्रमुख